२३. छनौट विधिः प्रमुख प्रशासकीय अधिकृतको छनौटको लागि आवश्यक न्यूनतम योग्यता, क्षमता, सेवा सुविधा र सेवाको प्रकार सहित आवेदन दिन निश्चित अवधि तोकी राट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

२४. कार्य अवधिः वढीमा ४ वर्षका लागि प्रमुख प्रशासकीय अधिकृतको स्थाई कर्मचारीलाई तोक्न सकिनेछ ।

२५. सेवा सुविधा र कार्यविवरणः प्रमुख प्रशासकीय अधिकृतको सेवा सुविधा स्थानीय कार्यपालिकाले निर्धारण गर्ने र कार्य विवरण संघीय कानुन र गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेदः ७

## स्थानीय योजना सल्लाहकार सम्बन्धि व्यवस्था

२६. स्थानीय योजना सल्लाहकारको नियुक्ति

(१) गाउँपालिकाले आफ्नो विकास निर्माण र समग्र कार्यमा प्रभावकारी योजना निर्माण र कार्यान्वयनमा गाउँपालिका र अध्यक्षको प्रमुख सल्लाहकारको भूमिकाको लागि अध्यक्षले करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) स्थानीय योजना सल्लाहकारको नियूक्तिका लागि देहाय अनुसारको एक सिफारिस समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) सम्बन्धित क्षेत्रका विज्ञता भएको व्यक्ति मध्ये गाउँकार्यपालिकाले नियुक्त गरेको व्यक्ति — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

२७. योग्यता र अनुभवः स्थानीय योजना सल्लाहकारको न्यूनतम योग्यताको लागि ग्रामिण विकास, समाजशास्त्र, कानून तथा सम्बन्धित विषयमा स्नाकोत्तर उर्तिण र सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको नेपाली नागरिक हुनु पर्नेछ ।

२८. छनौट विधिः (१) स्थानीय योजना सल्लाहकार छनौटको लागि आवश्यक न्यूनतम योग्यता, क्षमता र सेवाको प्रकार सहित आवेदन दिन निश्चित अवधि तोकी राट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदकहरुलाई गाउँपालिकाको कार्यक्षेत्र, निजको काम, कर्तव्य र अधिकारलाई समेटेर कम्तिमा ५ वर्ष अवधिमा आफ्नो रणनीतिक योजना र कार्ययोजना तयार गरी सात दिनको म्याद दिई प्रस्तुतीकरण गर्ने समय निर्धारण गर्ने ।

(३) उपदफा (२) अनुसार तोकिएको समयमा सबैलाई आ-आफ्नो योजना प्रस्तुत गर्न लगाई उपयुक्त देखिएको व्यक्तिलाई सल्लाहकारको रुपमा नियुक्त गर्न गाउँपालिकालाई सिफारिस गर्ने ।

२९. कार्य अवधिः वार्षिक रुपमा म्याद थफ गर्नेगरी बढी ४ वर्षका लागि सल्लाहकारको रुपमा करारमा भर्ना गर्न सकिनेछ । म्याद समाप्त भएको मितिले थप ६ महिना म्याद थप्न सकिनेछ ।

३०. सेवा सुविधा र कार्यविवरणः सल्लाहकारको सेवा सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. स्थानीय योजना सल्लाहकारको काम, कर्तव्य र अधिकार

(१) गाउँपालिकाको समग्र वार्षिक योजना, अल्पकालिन तथा दीर्घकालिन योजना, क्षेत्रगत योजना निर्माण गर्न विशेषज्ञ सेवा प्रदान गर्ने ।

